# सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड
## गैंडाकोट-५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## नवौं वार्षिक साधारण सभाको कारवाही तथा निर्णयहरुको विवरण

१. **वैधानिक सभाः**

सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेडको नवौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री प्रदिप सिग्देल (शर्मा) ज्यूको सभापतित्वमा देहाय बमोजिम सुसम्पन्न भयो ।

२. **सभा भएको मिति, समय र स्थान :**

**मिति : २०८३ जेष्ठ १७ गते, आईतबार (तदनुसार ३१ मे, २०२६)**

**समयः** बिहान ११:०० बजेदेखि

**स्थानः** द नारायणी रिसोर्ट, नारायणी रिभर साईड, गैंडाकोट-२, नवलपरासी (ब.सु.पू.) ।

३. **सभाको सूचना प्रकाशन :**

यस संस्थाको नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनीहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) र यस संस्थाको नियमावलीको नियम १८ को उपनियम (३) अनुसार मिति २०८२ बैशाख २२ गते मंगलवार **(साधारण सभा हुनु २५ दिन अगावै)** "अन्नपूर्ण पोष्ट" राष्ट्रिय देनिक पत्रिकामा सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची सहितको विस्तृत सूचना प्रथम पटक र मिति २०८२ जेष्ठ ०७ गते मंगलबार "अन्नपूर्ण पोष्ट" राष्ट्रिय दैनिक पत्रिकामा संक्षिप्त सूचना दोश्रो पटक प्रकाशित गरिएको थियो ।

नवौं वार्षिक साधारण सभा बस्ने सूचना सहित लेखापरीक्षकको प्रतिवेदन, मिति २०८२ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब र नाफा नोक्सान बाँडफाँड हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण सहितको संस्थाको नवौं वार्षिक प्रतिवेदन संस्थाको वेबसाइटमा राख्नुका साथै शेयरधनी महानुभावहरुलाई यस संस्थाको केन्द्रीय कार्यालय, गैंडाकोट-५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) तथा सम्पर्क कार्यालय, टोखा, काठमाण्डौ र यस संस्थाको शेयर रजिष्ट्रार कम्पनी एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट समेत उपलब्ध हुने व्यवस्था मिलाइएको थियो ।

४. **उपस्थिति :**

४.१ **शेयरधनी महानुभावहरुको उपस्थिति :**

संस्थाका संस्थापक र सर्वसाधारण गरी कुल ९३,१५० जना शेयरधनी सदस्यहरु मध्ये ४२ जना स्वयम् र प्रतिनिधि मार्फत् ९३ जना गरी जम्मा १३५ जना शेयरधनी महानुभावहरुको उपस्थिति रहेको थियो ।

४.२ **संचालक महानुभावहरुको उपस्थितिः**

| | |
|---|---|
| ४.२.१ श्री प्रदिप सिग्देल (शर्मा) | अध्यक्ष (संस्थापक) |
| ४.२.२ श्री जीवमूर्ति पन्त | संचालक (संस्थापक) |
| ४.२.३ श्री अर्जुन कुमार सिं | संचालक (संस्थापक) |
| ४.२.४ श्री हरि प्रसाद डुम्रे | संचालक (संस्थापक) |
| ४.२.५ श्री भेषराज रोकाया | संचालक (सर्वसाधारण) |
| ४.२.६ श्री विनोद तामाङ | संचालक (सर्वसाधारण) |

## ४.३ कर्मचारीहरुको उपस्थितिः

यस संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री लक्ष्मण पौडेल लगायत केन्द्रीय कार्यालयमा कार्यरत गरी कुल २९ जना कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## ५. गणपूरक संख्या

| विवरण | शेयर संख्या | कुल शेयरधनी | स्वयम् | | प्रतिनिधि मार्फत् | | जम्मा | | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | शेयर संख्या | उपस्थित | शेयर संख्या | उपस्थित | शेयर संख्या | उपस्थित | |
| संस्थापक | ४७,४२,८३५।६८ | २२७ | १०,०२,४९२ | २३ | २५,९१,३७५ | ८७ | ३५,९३,८६७ | ११० | ५१.२८ |
| सर्वसाधारण | २२,६५,७४७।७७ | ९२,९२३ | ४३,८९८ | १९ | २२,२५७ | ६ | ६६,१५५ | २५ | ०.९४ |
| विक्री भएको शेयर कित्ता | ७०,०८,५८३।४५ | | १०,४६,३९० | | २६,१३,६३२ | | ३६,६०,०२२ | | ५२.२२ |
| शेयरधनीहरु | ९३,१५० | ९३,१५० | | ४२ | | ९३ | | १३५ | |

संस्थाले जारी गरेको कुल ७०,०८,५८३।४५ कित्ता शेयर मध्ये स्वयम् र प्रतिनिधि नियुक्ति मार्फत् गरी जम्मा ३६,६०,०२२।०० कित्ता शेयरको प्रतिनिधित्व भएकोले यो संख्या कुल शेयर संख्याको ५२।२२ प्रतिशत हुन आएकोले कम्पनी ऐन, २०६३ को दफा ७३ उपदफा (२) तथा यस संस्थाको नियमावलीको नियम २३ अनुसार साधारण सभा सञ्चालनको लागि आवश्यक गणपूरक संख्या पुगेको र उपस्थित शेयरधनी महानुभावहरु सभामा भाग लिन कम्पनी ऐन २०६३ को दफा ७१ बमोजिम योग्य हुनुभएको ।

## ६. सभाको वैधानिकता

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपूरक संख्याका सम्बन्धमा "कम्पनीको नियमावलीमा गणपूरक संख्याको लागि बढी संख्या तोकिएकोमा बाहेक पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तिमा तीनजना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित नभई सभाको काम कारवाही हुने छैन" भन्ने व्यवस्था रहेको छ । साथै यस संस्थाको नियमावलीको नियम २३ मा पनि साधारण सभाको गणपूरक संख्या पुग्न "बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तिमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही प्रारम्भ हुने छैन" भन्ने प्रावधान रहेको छ । सोही प्रावधान अनुरुप यस नवौं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिकामा दस्तखत भए अनुसार कुल बिक्री भएको शेयर संख्या ७०,०८,५८३।४५ (९३,१५० जना) मध्ये १०,४६,३९० (४२ जना) को स्वयम् र प्रतिनिधि मार्फत् २६,१३,६३२।०० (९३ जना) गरी जम्मा ३६,६०,०२२।०० (१३५ जना) कित्ता शेयरको उपस्थित रहेको थियो । यसर्थ कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम रीतपूर्वक बोलाइएको सभामा ५२.२२ प्रतिशतको उपस्थिति भएकोले यो सभा वैधानिक भएको हुँदा सर्वसम्मतिले स्वीकृत गऱ्यो ।

तत्पश्चात् प्रचलित कानून बमोजिम सभा वैधानिक भएकोले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्ने व्यवस्था बमोजिम संचालक समितिका अध्यक्ष श्री प्रदिप सिग्देल (शर्मा) ज्यूलाई नवौं वार्षिक साधारण सभाको सभापतित्व ग्रहण गर्न कम्पनी सचिवले अनुरोध गर्नु भयो ।

७. **सभाको सभापतित्वः**

संस्थाको नवौं वार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४ (१) बमोजिम अध्यक्ष श्री प्रदिप सिग्देल (शर्मा) ज्यूले ग्रहण गर्नु भयो ।

८. **स्वागत मन्तब्य**

उपस्थित शेयरधनी महानुभावहरु, संचालकज्यूहरु र अन्य आगन्तुक महानुभावहरुलाई संस्थाको तर्फबाट यस संस्थाको संचालक समितिका संचालक श्री हरि प्रसाद डुम्रे ज्यूले संस्थाको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्नु हुँदै स्वागत मन्तब्य राख्नु भयो ।

९. **सभाको विधिवत उद्घाटनः**

संस्थाका अध्यक्ष श्री प्रदिप सिग्देल (शर्मा) ज्यूले पानसमा बत्ती बालेर नवौं वार्षिक साधारण सभाको विधिवत रुपमा उद्घाटन गर्नु भयो ।

१०. **सभाको विषय सूची**

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को वाह्य लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने पारिश्रमिक, भत्ता र सुविधा प्रदान गर्ने सम्बन्धमा वित्तीय संस्थाको नियमावलीमा संसोधन तथा थप गर्ने प्रस्ताव पारित गर्ने ।

२. भविष्यमा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्थासँग मर्जर/प्राप्ति गर्ने प्रयोजनार्थ उपयुक्त लघुवित्त वित्तीय संस्थासँग मर्जर/प्राप्ति सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ति सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रकृया सुरु गर्न/गराउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव माथि छलफल तथा पारित गर्ने सम्बन्धमा ।

३. उपरोक्त बमोजिमका विशेष प्रस्तावहरुमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतबाट स्वीकृति लिने, अभिलेख गर्ने क्रममा कुनै विषयमा संशोधन एवम् परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवम् परिवर्तन गर्ने लगायत अन्य सम्पूर्ण कार्य गर्न/गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**(ग) विविधः**

११. **छलफल तथा निर्णयहरू :**

**सामान्य प्रस्तावहरुका निर्णयहरु :**

(१) सभाको विषय सूची नं. १ बमोजिम अध्यक्ष श्री प्रदिप सिग्देल (शर्मा) ज्यूले पेश गर्नुभएको संचालक समितिको प्रतिवेदनउपर छलफल हुँदा निम्न शेयरधनिहरुले तपसिल बमोजिमका जिज्ञासा राख्नु भएको थियो ।

**तपसिलः**

- शेयरधनी **श्री विष्णु प्रसाद वोस्तिज्यूले** अध्यक्ष ज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदनको प्रमुख वित्तीय सूचकहरुमा २०८१ आषाढ र २०८२ आषाढको वित्तीय सूचकहरु कर्मचारी खर्च, सञ्चालन खर्च, कर्जा

नोक्सानी व्यवस्था जस्ता सूचकहरुमा देखिएको तुलनात्मक फरक, भाखा नाघेको कर्जा असुल हुन नसकेको र सञ्चार माध्यममा संस्थाका विभिन्न किसिमका समाचार आउनु लागायतका विषयमा प्रश्न गर्नु भएको थियो ।

- यसैगरी शेयरधनीको तर्फबाट **श्री दिनेश पोखेलज्यूले** खर्चमा देखिएको अस्वाभाविक वृद्धि, अहिलेको असहज परिस्थितीमा बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरुलाई काम गर्न गाह्रो भएको विषय औंल्याउँदै असहजतामा पनि कसरी कामलाई सहज बनाई कार्य सम्पादन गर्ने भन्ने विषयमा आफ्ना भनाई राख्नु भयो । लगानीकर्ताहरुले विगत ३ बर्ष देखि कुनै प्रतिफल नपाएको विषय समेत उल्लेख गर्नुभयो । पुराना कर्मचारीहरु संस्था छोड्नु र नयाँ कर्मचारीहरुले दिएको लक्ष्य अनुसार कार्य सम्पादन गर्न नसक्नु, कर्मचारीहरुको उचित पारिश्रमीक नभएका कारण दक्ष जनशक्तिको अभाव भएको हो की यस्ता विषयमा समेत ध्यान दिन जोड दिनु भयो । साथै  संस्थागत सुशासनमा जोड दिन, कर्मचारीहरुमा मनमुटाव नगर्न तथा एक आपसमा मिलेर कार्य गर्न सुझाउनु भएको थियो । त्यस्तै सुशासन कायम राख्न, समस्याहरुको जड पत्ता लगाउन, डिजिटलाइजेशनमा जान, फ्रड कन्ट्रोल गर्न नयाँ नयाँ टेक्नोलोजी प्रयोग गर्नमा सुझाउनु भएको थियो ।

उपरोक्त बमोजिम सभामा उठेका जिज्ञासा उपर अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूले खर्चमा देखिएको तुलनात्मक वृद्धिको कारणबारे स्पष्ट पारे पश्चात् सभाले सर्वसम्मत रुपमा संचालक समितिको प्रतिवेदन जोडदार रुपमा ताली बजाएर पारित गऱ्यो ।

तत्पश्चात अध्यक्षज्यूको आदेश लिएर कम्पनी सचिवले पूर्व निर्धारित विषय सूची बमोजिमका विषयहरु छलफलको लागि क्रमशः पेश गर्नुभयो ।

(२) सभाको विषय सूची नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु उपर छलफल तथा स्वीकृतिको लागि कम्पनी सचिवले सभा समक्ष पेश गर्नु भयो । त्यस्तै नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८१/८२ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्न स्वीकृति प्रदान गर्दा दिएका निर्देशनहरु माथि समेत छलफल गर्न पेश गर्नु भएको विषयवस्तु उपर छलफल हुँदा सभाले लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु लगायतका वित्तीय विवरणहरु सर्वसम्मतिले स्वीकृत गऱ्यो । साथै नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशनको प्रत्युत्तर प्रति सभाले सन्तोष ब्यक्त गऱ्यो ।

(३) सभाको विषय सूची नं. ३ बमोजिम बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षक समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को वाह्य लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा डि.जी.बि.ए.एसोशियट्स चार्टर्ड एकाउण्टेण्टस्लाई नियुक्तिका लागि योग्य रहेको भन्ने प्रस्ताव बमोजिम आ.व. २०८२/८३ को वाह्य लेखापरीक्षण कार्यको लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ उपदफा (३) अनुसार यस संस्थाले आ.व. २०८२/८३ को लेखापरीक्षण गर्न अन्य ३ वटा लेखापरीक्षकहरुसँग कोटेशन माग गर्दा प्राप्त आवेदनहरु मध्ये डि.जी.बि.ए.एसोशियट्स चार्टर्ड एकाउण्टेण्टस्लाई उपयुक्त देखिएकोले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून र कम्पनी कानून बमोजिम समेत निज योग्य हुनु भएको हुँदा वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, दफा ७८ तथा संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणित गर्न एकमुष्ठ रु.१०,००,०००।- (कर बाहेक) पारिश्रमिक प्रदान गर्नेगरी लेखापरीक्षक नियुक्त गर्नको लागि लेखापरीक्षण समिति मार्फत संचालक समितिले स्वीकृतिको लागि सिफारिश गरेको ब्यहोरा कम्पनी सचिवले सभा समक्ष प्रस्ताव गर्नु भएको सन्दर्भमा सभामा छलफल हुँदा चालु आर्थिक वर्ष २०८२/८३ को संस्थाको वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ तथा संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणित गर्न लेखापरीक्षक डि.जी.बि.ए.एसोशियट्स चार्टर्ड एकाउण्टेण्टस्लाई एकमुष्ठ पारिश्रमिक रु. १०,००,०००।- (कर बाहेक) प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्ने सभाले निर्णय गऱ्यो ।

**विशेष प्रस्तावका निर्णयहरु :**

(१) विशेष प्रस्ताव अन्तर्गत सभाको विषय सूची नं. १ अनुसार तपसिलमा उल्लेखित तीन महले विवरण बमोजिम वित्तीय संस्थाको नियमावलीको नियम ३२(१) (ख), नियम ३२(१) (ग) को (अ) (आ) (इ) (ई) संशोधन गर्ने तथा नियम ३२ (१) (घ) मा थप गर्ने सम्बन्धमा कम्पनी सचिवले दफावार रुपमा संशोधन प्रस्तावको कारण सहित स्पष्ट पार्नु भयो ।

**नवौं वार्षिक साधारण सभामा नियमावलीमा संशोधन सम्बन्धी प्रस्तावको तीन महले विवरण**

| नियम | हालको अवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुको कारण |
|---|---|---|---|
| ३२(१) (ख) | संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु. ६,०००/- र रु.५,०००/- हुनेछ । | संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु. ८,०००/- र रु. ७,०००/- हुनेछ । | समयसापेक्ष संशोधन आवश्यक रहेकोले । |
| ३२(१) (ग) | वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिमको हुनेछ ।<br><br>(अ) स्वदेशमा दैनिक भत्ता रु.३,५००/-<br><br>(आ) भारतमा दैनिक भत्ता रु.५,०००/-<br>(इ) भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००<br>(ई)भ्रमण भत्ता बिल बमोजिम वा चल्ती र आवस खर्च प्रति रात रु. ३,०००/- नबढ्ने गरी । | वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिमको हुनेछ ।<br><br>(अ) स्वदेशमा दैनिक भत्ताः संचालक समितिको बैठक भत्ता सरह<br>(आ) भारतमा दैनिक भत्ता रु. ८,०००/-<br>(इ) भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००<br>(ई) यातायात खर्च बिल बमोजिम वा चलनचल्ती र आवास खर्च प्रति रात रु ५,०००/- नबढ्नेगरी बिल बमोजिम । | समयसापेक्ष संशोधन आवश्यक रहेकोले । |
| ३२(१) (घ) | नभएको । | (क) इन्टरनेट तथा टेलिफोन बापत मासिक रु. ३,०००/- | मर्जर पूर्व दुबै संस्थामा रहेको व्यवस्था मर्जर पछि हटेकोले थप गर्न आवश्यक देखिएको । |

उपरोक्त अनुसार नियमावलीको नियम ३२(१) (ख) मा समय सापेक्ष संशोधन आवश्यक रहेकोले संचालकज्यूहरुको सुविधा बढाउन "वित्तीय संस्थाको संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकले पाउने बैठक भत्ता प्रति बैठक क्रमशः रु ८,०००/- र रु. ७,०००/- हुनेछ ।

त्यसैगरी नियमावलीको नियम ३२(१) (ग) मा समय सापेक्ष संशोधन आवश्यक रहेकोले संचालकज्यूहरुको सुविधा बढाउन "वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिमको हुनेछ ।

(अ) स्वदेशमा दैनिक भत्ताः संचालक समितिको बैठक भत्ता सरह ।
(आ) भारतमा दैनिक भत्ता रु. ८,०००/-
(इ) भारत बाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १००
(ई) यातायात खर्च बिल बमोजिम वा चलनचल्ती र आवास खर्च प्रति रात रु ५,०००/- नबढ्नेगरी बिल बमोजिम भनी संशोधन गर्ने ।

साथै नियम ३२(१) (घ) मा इन्टरनेट तथा टेलिफोन बापत मासिक रु. ३,०००/- थप व्यवस्था गर्ने ।

उपरोक्त अनुसारले नियमावली संशोधन गर्न साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

(२) विशेष प्रस्ताव अन्तर्गत सभाको विषय सूची नं. २ अनुसार यस वित्तीय संस्थाले भविष्यमा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्थासँग मर्जर/प्राप्ति गर्ने प्रयोजनार्थ उपयुक्त लघुवित्त वित्तीय संस्थासँग मर्जर/प्राप्ति सम्बन्धी सम्झौतापत्र तर्जुमा गर्ने, DDA गर्ने र मर्जर/प्राप्ति सम्बन्धी आवश्यक अन्य सम्पूर्ण प्रकृया सुरु गर्न/गराउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव माथि छलफल तथा पारित गर्ने सम्बन्धमा सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

(३) विशेष प्रस्ताव अन्तर्गत विषयसूची नं. ३ अनुसार सभाले नियमावलीमा गरेको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्डले कुनै संशोधन वा परिमार्जन वा फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा प्रचलित कानूनको अधिनमा रही सो अनुरुप गर्नका लागि संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने समेत सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**(ग) विविध :**
विविध तर्फ कुनै प्रस्ताव नरहेको ।

**१२. धन्यवाद ज्ञापन :**
अध्यक्ष श्री प्रदिप सिग्देल (शर्मा) ज्यूले सभामा उपस्थित सबै शेयरधनीहरु, नियमनकारी निकायहरु, ऋणदाता बैंकहरु तथा आमन्त्रित महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आआफ्नो भूमिका कुशलतापूर्वक निर्वाह गरी सभालाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण महानुभावज्यूहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

**१३. सभा विसर्जनः**
अन्तमा, साधारण सभामा उपस्थित सबैलाई पुनः धन्यवाद दिँदै आगामी दिनमा समेत सम्पूर्ण महानुभावहरुको साथ सहयोग रहने विश्वासका साथ सभा अन्त भएको घोषणा गर्नुभयो ।

लक्ष्मण पौडेल
कम्पनी सचिव

प्रदिप सिग्देल (शर्मा)
अध्यक्ष
संचालक समिति